राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २५६ २०८३ वैशाख ७ गते सोमवार (20 May. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## एघार फिट लामो राजगोमनको उद्धार



दैनिक समाचारदाता
जनकपुरधाम, ६ वैशाख । धनुषाको सीमावर्ती क्षेत्र महोत्तरीको बर्दिबास नगरपालिका-३, राजाबास गाउँबाट करिब ११ फिट लामो र करिब ६ किलोग्राम तौल भएको दुर्लभ राजगोमन सर्पको उद्धार गरी सुरक्षित रूपमा प्राकृतिक वासस्थानमा छोडिएको छ ।

बाख्रा खोरनजिक राखिएको दाउराको थुप्रोमुनि सर्प लुकेर बसेको अवस्थामा सर्पको उद्धार टोली उद्धार गरिएको मिथिला वाइल्ड लाइफ ट्रस्टका अध्यक्ष देवनारायण मण्डलले बताउनुभयो । उहाँका अनुसार ट्रस्टका सुबोध आचार्य, गौतम मण्डलसहित सबडिभिजन वन कार्यालय लालगढको संयुक्त टोलीले सर्पलाई नियन्त्रणमा लिएको थियो ।

उद्धारपछि सर्पलाई नजिकैको सामुदायिक वन क्षेत्रमा लगेर सुरक्षित रूपमा छोडिएको मिथिला अध्यक्ष मण्डलले जानकारी दिनुभयो । उहाँका अनुसार चुरे क्षेत्र राजगोमन सर्पको प्राकृतिक बासस्थान भएकाले सोही क्षेत्रमा पुनःस्थापना गरिएको हो । उद्धार टोलीले स्थानीय बासिन्दालाई सर्पको प्राकृतिक बानी व्यवहार, वातावरणीय महत्व तथा भविष्यमा यस्ता सर्प देखिएमा सुरक्षित रूपमा घरबाहिर कसरी हटाउने भन्नेबारे पनि जानकारी दिएको उहाँले बताउनुभयो । राजगोमन सर्प विश्वकै सबैभन्दा विषालु सर्प रहेको र यसको संरक्षण जैविक विविधताका लागि महत्वपूर्ण भएको उहाँको भनाइ छ ।

# सीमा भन्सार नीतिविरुद्ध चौतर्फी विरोध

दैनिक समाचारदाता
जनकपुरधाम, ६ वैशाख । नेपाल(भारत सीमा क्षेत्रमा साना परिमाणका वस्तुहरूमा भन्सार शुल्क लगाउने नेपाल सरकारको निर्णयप्रति राजनीतिक दल तथा युवा संगठनहरूले संयुक्त रूपमा असन्तुष्टि जनाएका छन् । जनता समाजवादी पार्टी नेपाल, समाजवादी युवा संघ र राष्ट्रिय मुक्ति पार्टी नेपालले छुट्टाछुट्टै प्रेस विज्ञप्ति जारी गर्दै १०० रुपैयाँभन्दा माथिका सामानमा भन्सार कडाइ गर्ने निर्णय तत्काल पुनर्विचार गर्न सरकारसँग माग गरेका छन् ।

पार्टीका संरक्षक महन्थ ठाकुरले विज्ञप्ति जारी गर्दै सो प्रावधानको विरोध गरेका हुन् । विज्ञप्तिमा उनले मधेस र भारत सडक मार्गबाट आवत जावत गर्ने व्यक्तिहरूलाई मात्र लक्षित सो निर्णय अदूरदर्शी कदम भएको बताउँदै पुनर्विचार गर्न समेत सरकारलाई आग्रह गरेका छन् ।

त्यस्तै समाजवादी युवा संघले पनि विज्ञप्तिमा सीमावर्ती मधेस क्षेत्रका बासिन्दाबीच दैनिक जीवन, पारिवारिक सम्बन्ध, धार्मिक परम्परा तथा सांस्कृतिक आदान(प्रदान अत्यन्तै घनिष्ठ रहेको उल्लेख गर्दै साना परिमाणका वस्तुहरूमा कर लगाउनु ऐतिहासिक सम्बन्धमाथि अनावश्यक अवरोध सिर्जना गर्ने बताएको छ । संघले विशेषगरी सीमावर्ती समुदायको जीवनशैली र परम्परालाई असर पार्ने यस्ता निर्णयहरू जनभावनाविपरीत भएको ठहर गर्दै तत्काल खारेज गर्न माग गरेको छ । साथै, संघले साना सामानमा कडाइ गर्नुको सट्टा ठूला परिमाणका तस्करी, भ्रष्टाचार तथा अवैध भन्सार छुट प्रक्रियालाई नियन्त्रण गर्न प्रभावकारी कदम चाल्न सरकारलाई आग्रह गरेको छ ।

संघका अध्यक्ष मनिष यादवद्वारा हस्ताक्षरित विज्ञप्तिमा निर्णय नसच्याए मधेसी समुदाय तथा युवासँग सहकार्य गरी चरणबद्ध आन्दोलनका कार्यक्रम अघि बढाइने चेतावनीसमेत दिइएको छ। साथै, हजारौं वर्षदेखि कायम नेपाल(भारतबीचको सामाजिक तथा सांस्कृतिक सम्बन्धको सम्मान गर्दै नीतिगत सुधार गर्नुपर्नेमा जोड दिइएको छ।

यता, राष्ट्रिय मुक्ति पार्टी नेपालले पनि हालै लागू गरिएको भन्सार तथा करसम्बन्धी सीमा

बाँकी पृष्ठ ३मा

## घरायसी सामग्री नरोक्न डिआईजीको निर्देशन

मधेश प्रदेशका डिआईजीले सर्वसाधारणले घरायसी प्रयोजनका लागि फेसबुक मार्फत सामग्री नरोकिने गरी मातहतका जनपद प्रहरीलाई निर्देशन दिएका छन् । सामाजिक सञ्जाल फेसबुक मार्फत आफ्नो धारणा सार्वजनिक गर्दै उनले आजको मितिदेखि लागू हुनेगरी यस्तो निर्देशन जारी गरिएको जानकारी दिएका हुन्।

डिआईजीले सर्वसाधारण नागरिकले दैनिक जीवनयापनका लागि ल्याउने घरायसी सामग्री निश्चित अवधिसम्म–जस्तै १५ दिन वा एक महिनाका लागि–नरोकिने स्पष्ट पारेका छन्। यस्ता सामग्रीमा अनावश्यक अवरोध नगर्न उनले प्रहरी कर्मचारीलाई



सचेत गराएका छन्।

त्यसैगरी, व्यापारिक उद्देश्यले ल्याइने सामानहरू भने कडाइका साथ नियन्त्रण गरी आवश्यक कानुनी प्रक्रिया अनुसार भन्सारमा बुझाउन मातहतका सबै कर्मचारीलाई निर्देशन दिइएको छ। उनले उक्त निर्देशनको प्रभावकारी कार्यान्वयन गर्न सबैलाई आग्रह समेत गरेका छन्।


## सडक विस्तारले वीरगञ्ज अस्तव्यस्त

# विद्युत र इन्टरनेट सेवा अवरुद्ध

*करिब १,२०० संरचना भत्काइँदैछन्। अभियानसँगै विद्युत् र इन्टरनेट सेवा अवरुद्ध भई जनजीवन प्रभावित भएको छ। स्थानीयले समय अभावमा असन्तुष्टि जनाएका छन् भने प्राधिकरणले केही दिन सेवा अनियमित रहने जनाएको छ।*

दैनिक समाचारदाता
जनकपुरधाम, ६ वैशाख । वीरगञ्जको मुख्य सडक क्षेत्रमा अतिक्रमण हटाउँदै सडक विस्तार अभियान सुरु भएसँगै विद्युत् तथा इन्टरनेट सेवा समेत प्रभावित भएको छ ।

सडक डिभिजन कार्यालय हेटौंडाले त्रिभुवन राजपथअन्तर्गत गण्डकचोकदेखि मितेरीपुलसम्मको सडक खण्डमा दायाँ-बायाँ २५-२५ मिटर क्षेत्र खाली गराउने उद्देश्यले आइतबार बिहानदेखि घरटहरा भत्काउने अभियान अघि बढाएको हो । अभियानअन्तर्गत मापदण्डविपरीत निर्माण गरिएका करिब एक हजार दुई सय संरचना हटाइने अनुमान गरिएको छ ।



कार्यालयका अनुसार बिहानैदेखि एक दर्जनभन्दा बढी एक्स्काभेटर प्रयोग गरी अतिक्रमण हटाउने काम तीव्र बनाइएको छ । इन्जिनियर भोला साहले सर्वोच्च अदालतको फैसला र संघीय सरकारको निर्देशनअनुसार अभियान सञ्चालन गरिएको जानकारी दिए । यसअघि पटक-पटक सूचना जारी गर्दा पनि अटेर भएपछि डोजर प्रयोग गर्नुपरेको उनको भनाइ छ ।

अभियानका कारण बिहानदेखि दिउँसोसम्म मुख्य बजार क्षेत्रमा विद्युत् र इन्टरनेट सेवा अवरुद्ध हुँदा स्थानीयको जनजीवन प्रभावित भएको छ । गण्डकचोकदेखि मितेरीपुलसम्म बिहान करिब ५ बजेदेखि दिउँसो ४:३० बजेसम्म सेवा बन्द हुँदा व्यापार व्यवसाय, पानी आपूर्ति र दैनिक कामकाजमा समस्या देखिएको छ ।

स्थानीय व्यापारीहरूले पूर्वतयारी बिना गरिएको सडक विस्तारले थप कठिनाइ निम्त्याएको गुनासो गरेका छन् । उनीहरूका अनुसार बिजुली नहुँदा मोटर चलाउन नसक्दा पानीको समस्या समेत उत्पन्न भएको छ ।

नेपाल विद्युत् प्राधिकरण वीरगञ्ज वितरण केन्द्रले सडक विस्तारका क्रममा लाइन प्रभावित भएकाले केही दिन सेवा अनियमित हुन सक्ने जनाएको छ । मर्मत तथा सुधार कार्य जारी रहेकाले उपभोक्तालाई धैर्यता अपनाउन आग्रह गरिएको छ । यता, सुरक्षा निकायको कडा उपस्थितिमा अभियान सञ्चालन भइरहेको छ । जिल्ला प्रशासन कार्यालय पर्साले यसअघि नै सूचना जारी गर्दै तोकिएको समयभित्र संरचना हटाउन निर्देशन दिएको थियो ।

सडक विस्तारपछि ट्राफिक व्यवस्थापन सुधार, दुर्घटना न्यूनीकरण र सहरी सौन्दर्य अभिवृद्धि हुने अपेक्षा गरिएको भए पनि तत्कालका लागि स्थानीयवासीले विभिन्न चुनौतीको सामना गर्नुपरेको छ ।

श्रमको सम्मान गरौं, श्रमिकका अधिकार सुनिश्चित गरौं ।

सुरक्षित र मर्यादित कार्यस्थल सुनिश्चित गरौं,
न्यूनतम ज्याला तथा सुविधा समयमै उपलब्ध गराऔं,
बाल श्रम, जबर्जस्ती श्रमलगायत सबै प्रकारका श्रम विभेद अन्त्य गरौं,
कार्यस्थलमा स्वास्थ्य तथा सुरक्षा मापदण्डको पालना गरौं,
श्रमिकलाई सामाजिक सुरक्षा र बीमामा समावेश गराऔं,
महिला तथा पुरुष श्रमिकबीच समान अवसर र समान पारिश्रमिक सुनिश्चित गरौं,
श्रमिकको सीप विकास र क्षमता अभिवृद्धिमा जोड दिऔं,
श्रम ऐन तथा नियमहरूको पालना गरौं,
श्रमिक र रोजगारदाताबीच सहकार्य र समन्वय बढाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सम्पादकीय

# गुणस्तरको अनुमान मात्र होइन, दिगो सुधार आवश्यक

धनुषाको हाइवे आसपासमा सञ्चालित होटल, गेष्ट हाउस तथा पसलहरुमा गुणस्तरीयताको अनुगमन गरिएको छ । यो स्वास्थ्यको दृष्टिले तथा राज्यले बुझ्ेको जिम्मेवारी अनुसार आवश्यक पनि हो । यस्ता अनुगमन तथा सो क्रममा गुणस्तरीयता मापदण्ड गर्ने क्रियाकलापमाथि कडा करवाई हुनुपनि पर्छ ।

यात्रामा निस्किएका सर्वसाधारण नागरिकले यस्ता होटलहरूमा खानपान गर्नु बाध्यता जस्तै हुन्छ । तर त्यही बाध्यता यदि स्वास्थ्य जोखिममा परिणत हुन्छ भने त्यो राज्यको नियमन क्षमता र व्यवसायिक नैतिकताको दुबै पक्षको असफलता मान्नुपर्छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले पछिल्लो समय अनुगमनलाई तीव्र बनाएको कदम सकारात्मक अवश्य हो । निरीक्षणले समस्या सतहमा पाइएको म्याद गुज्रिएका खाद्य सामग्रीको प्रयोग, अस्वच्छ भान्सा, बासी खाना बिक्री, र उपभोक्तासँग मनपरी मूल्य असुली । यस्ता गतिविधि केवल कानुन उल्लङ्घन मात्र होइनन्, मानव स्वास्थ्यप्रति गम्भीर लापरवाही पनि हुन् ।

तर प्रश्न उठ्छ, के अनुगमन मात्र समाधान हो ? विगतमा पनि यस्ता अनुगमन हुँदै आएका छन्, चेतावनी दिइएका छन्, केही सामग्री जफत पनि गरिएको छ । तर समस्या ज्यूँका त्यूँ दोहोरिनु यसले देखाउँछ कि हाम्रो अनुगमन प्रणाली अझै प्रतिक्रियात्मक छ, न कि पूर्वतयारीयुक्त । जबसम्म अनुगमनलाई दिगो सुधारको रणनीतिसँग जोडिँदैन, तबसम्म यस्ता समस्या अस्थायी रूपमा मात्र नियन्त्रणमा आउनेछन् ।

होटल व्यवसायीहरूको पनि आफ्नै जिम्मेवारी छ । व्यवसाय केवल नाफा कमाउने माध्यम होइन, सामाजिक उत्तरदायित्वको अभ्यास पनि हो । उपभोक्ताको स्वास्थ्यसँग खेलवाड गरेर कमाइएको नाफा दीर्घकालीन रूपमा व्यवसायकै लागि घातक हुन सक्छ । त्यसैले खाद्य सामग्री खरिद गर्दा म्याद जाँच गर्ने, सरसफाइमा ध्यान दिने, र पारदर्शी मूल्य निर्धारण गर्ने जस्ता आधारभूत नियमहरू कडाइका साथ पालन गर्नु आवश्यक छ ।

त्यसैगरी, उपभोक्ताको भूमिका पनि कम महत्वपूर्ण छैन । हामीमध्ये धेरैले अस्वच्छ वातावरण देख्दा पनि चुपचाप सहने गर्छौं, गुनासो गर्न हिच्किचाउँछौं । यदि उपभोक्ता सचेत र सक्रिय भए भने व्यवसायीहरू स्वतः जिम्मेवार बन्न बाध्य हुन्छन् । गुनासो प्रणालीलाई सहज, प्रभावकारी र विश्वासिलो बनाउनु पनि राज्यको दायित्व हो ।

यस सन्दर्भमा, सम्बन्धित निकायहरूले केवल अनुगमनमा सीमित नरही दीर्घकालीन नीति निर्माणतर्फ ध्यान दिनु आवश्यक छ । नियमित तालिम, कडाइका साथ लाइसेन्स नवीकरण, र उल्लङ्घनमा कडा दण्ड, यी उपायहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सके मात्र सुधार सम्भव छ ।

अन्ततः, हाइवे होटलहरूको गुणस्तर सुधार्नु केवल एउटा क्षेत्रको समस्या होइन, यो समग्र पर्यटन, जनस्वास्थ्य र आर्थिक अनुशासनसँग जोडिएको विषय हो। यदि हामी सुरक्षित र विश्वसनीय सेवा दिन सक्दैनौं भने यसले देशको छविमा समेत नकारात्मक प्रभाव पार्न सक्छ । त्यसैले अब अनुगमनलाई औपचारिकता मात्र नबनाई, वास्तविक सुधारको माध्यम बनाउनेतर्फ सबै पक्ष गम्भीर हुनुपर्ने बेला आएको छ।

# निजी क्षेत्रलाई पनि भ्रष्टाचारमा कारबाही !



अच्युत पुरी

सरकारले अब निजी क्षेत्रका गतिविधिमा समेत भ्रष्टाचारजन्य कसुर अनुसन्धानको दायरा घुसाउने तयारी गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले भ्रष्टाचार विरुद्धको दोस्रो राष्ट्रिय रणनीतिक योजना (आर्थिक वर्ष २०८२/८३-२०८७/८८) को मस्यौदा तयार पारी राय-सुझावका लागि सार्वजनिक गरेको छ ।

सरकारले नयाँ रणनीति मार्फत अब निजी क्षेत्रमा समेत भ्रष्टाचारजन्य कसुर छानबिन र अनुसन्धान हुने वातावरण तयार पार्न लागेको छ ।

सरकारको नयाँ रणनीति अन्तर्गत रणनीतिक स्तम्भ ३ मा 'सबै क्षेत्रमा हुने भ्रष्टाचारजन्य कार्यलाई अपराधीकरण गर्ने र राज्यलाई हानि नोक्सानी भएको वा अनुचित लाभ लिए/दिएकोमा बाहेक दुष्कृतिजन्य कार्य सच्याउन अवसर प्रदान गर्ने गरी नीतिगत तथा कानुनी व्यवस्थामा सुधार गर्ने' उल्लेख छ ।

जसको कार्यनीतिमा सहकारी, निजी वा पब्लिक कम्पनी, निजी संघसंस्थामा हुने भ्रष्टाचार निवारण गर्न आवश्यक व्यवस्था गर्ने उल्लेख छ ।

निजी क्षेत्रका हरेक क्रियाकलापमा सुशासन प्रत्याभूत गर्ने समेत कार्यनीतिमा उल्लेख छ । सोही रणनीति कार्यान्वयन गर्न तयार कार्ययोजनामा सदाचार प्रवर्द्धन गर्न निजी क्षेत्रको भूमिका सम्बन्धी क्रियाकलाप समेटिएको छ ।




सरकारले निजी क्षेत्रलाई समेत भ्रष्टाचारजन्य कसुरको राडारमा ल्याउने प्रयास पहिलो पटक गरेको भने होइन । यसअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन) विधेयक र भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयकले समेत अख्तियारको क्षेत्राधिकार विस्तार गरी निजी क्षेत्रमाथि पनि अनुसन्धान गर्न सक्ने बनाएको थियो । पछि सोही प्रावधान नराख्ने गरी दलहरूबीच सहमति गरी हटाइएको थियो ।

नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ सहित निजी क्षेत्रका मुख्य छाता संगठनहरूले यस प्रावधानको निरन्तर विरोध गर्दै आएका छन् ।

परिसंघ अध्यक्ष वीरेन्द्रराज पाण्डे निजी क्षेत्रको नियमनमा अहिले नै पर्याप्त निकाय सक्रिय रहेको भन्दै ती निकायकै क्षमता अभिवृद्धिमा राज्यले ध्यान दिनुपर्ने बताउँछन् ।

निजी क्षेत्र छिटो निर्णय गर्नुपर्ने र अधिक धेरै काम गर्नुपर्ने अवस्थामा हुने क्षेत्र भएकाले अख्तियारको डरले सरकारी निकायमा झैं कामै नहुने हो कि भन्ने जोखिम रहनेतर्फ उनले सचेत गराए ।

'कानुनी शासनभित्र निजी क्षेत्र रहनुपर्छ भन्नेमा हाम्रो दुई मत छैन,' उनी भन्छन्, 'तर, अतिरिक्त दबाबले जोखिम लिएर व्यापार-व्यवसाय गर्नुपर्ने क्षेत्रलाई असर पर्न सक्नेतर्फ राज्य पनि सचेत हुनुपर्छ ।'

निजी क्षेत्र नियमनकारी निकायबाट लाइसेन्स लिएरै सञ्चालनमा रहने हुँदा राज्यको नियमनभन्दा बाहिर नरहेको उनले स्पष्ट पारे ।

***प्रारम्भमा सचेतना***

राज्यले हरेक व्यावसायिक प्रतिष्ठानले व्यावसायिक सत्यनिष्ठा आचारसंहिता तर्जुमा गरी लागु गर्नुपर्ने गरी कार्ययोजना बनाएको छ । जसको जिम्मेवार निकाय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र सहयोगी निकायमा निजी क्षेत्रका छाता संगठन रहने गरी तोकिएको छ ।

यस्तो कामको अनुगमन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्ने छ । यो काम एक वर्षभित्र सक्ने गरी समय तोकिएको छ । तर, यसको जोखिमका रूपमा स्वेच्छिक पालना कमजोर हुन सक्ने समेत मस्यौदामा उल्लेख छ ।

कार्ययोजना अनुसार व्यावसायिक निष्ठा सुदृढ गर्न फर्म/कम्पनीका छाता संगठनले भ्रष्टाचार विरोधी अनुपालन कार्यक्रम सञ्चालन गर्नुपर्ने छ । यो काम निरन्तर गर्नुपर्ने कार्ययोजनामा उल्लेख छ ।

***निजी क्षेत्रमाथिको कडाइमा कस्तो हुनेछ व्यवस्था ?***

कानुन निर्माण

सहकारी, पब्लिक र प्राइभेट कम्पनी तथा अन्य निजी संघसस्थामा हुने भ्रष्टाचार निवारण गर्न सरकारले छुट्टै कार्यनीति तोकेको छ । यस अनुसार सहकारी, सार्वजनिक वा निजी कम्पनी र संघसंस्थामा हुने भ्रष्टाचारजन्य कसुर, निजी क्षेत्रको सम्पत्ति हिनामिना वा नोक्सानीको हानि भराउने, अनुसन्धान, तहकिकात, अभियोजन गर्ने निकाय र मुद्दा हेर्ने निकाय समेत तोकेर कानुन निर्माण गरिने भएको छ ।

यस्तो कानुन निर्माणको काम २ वर्षभित्र सक्ने लक्ष्य राखिएको छ । जसको जोखिममा निजी क्षेत्रको प्रतिरोध, अधिकार क्षेत्र सम्बन्धी संवैधानिक विवाद र कार्यान्वयन क्षमताको कमी हुन सक्ने समेत मस्यौदामा उल्लेख छ ।

***प्रतिस्पर्धा घटाउने क्रियाकलापमा कारबाही***

व्यापारिक प्रतिस्पर्धा घटाउने क्रियाकलाप समेत अब सरकारले दण्डनीय बनाउने भएको छ, जसलाई भ्रष्टाचारजन्य कसुर मानेर कारबाही गर्ने गरी सम्बन्धित ऐन, कानुन संशोधन वा नयाँ कानुन निर्माण गरिने भएको छ ।

यो कामसमेत २ वर्षभित्र सक्ने लक्ष्य लिइएको छ । यस कामको जोखिमका रूपमा निजी क्षेत्रको विरोध र प्रमाण संकलनमा जटिलता हुन सक्ने मस्यौदामा उल्लेख छ ।

*निजी क्षेत्रसम्बन्धी कानुनलाई भ्रष्टाचार निवारण ऐनसँग मिलाउने*

सरकारको रणनीति अनुसार अब जारी हुने नयाँ भ्रष्टाचार निवारण ऐनका प्रावधानसँग तादम्यता मिल्ने गरी निजी क्षेत्रसँग सम्बद्ध प्रचलित कानुन संशोधन गरिने भएको छ । यस्तो काम आगामी ३ वर्षभित्र सक्ने लक्ष्य छ ।

यस कामको जोखिमका रूपमा बहुकानुन संशोधनका कारण ढिलाइ, कानुनी असंगति, संसद्बाट समयमै पारित गर्न कठिनाइ र निजी क्षेत्रको विरोध हुन सक्ने विषय समावेश गरिएको छ ।

***निजी क्षेत्र नियमन गर्ने कानुनहरू संशोधन***

कम्पनी, साझेदारी फर्म, अन्य निजी संघसंस्था तथा सहकारी क्षेत्रमा हुने सबै प्रकारका अनियमितता वा भ्रष्टाचार सम्बन्धी गतिविधि निरुत्साहित गर्न मुलुकी देवानी कार्यविधि संहिता २०७४ को घरजग्गा लिखत पारित सम्बन्धी कानुन सहित निजी क्षेत्रसँग सम्बन्धित अन्य ऐन, नियमको समयानुकूल संशोधन गरिने भएको छ ।

यो काम २ वर्षभित्र सक्ने लक्ष्य छ । यसमा समेत निजी क्षेत्रको विरोध, कार्यान्वयन जटिलता र अनुगमन कमजोर हुने सक्ने जोखिम औंल्याइएको छ ।

***निजी क्षेत्रमा समेत घुस लेनदेन दण्डनीय***

अब निजी क्षेत्रको आर्थिक, वित्तीय वा व्यापारिक क्रियाकलापमा घुस लिनेदिने काम दण्डनीय मानिने गरी कानुन बनाइने भएको छ । रणनीति अनुसार यस्तो काम २ वर्षभित्र गरिसक्ने मस्यौदामा उल्लेख छ ।

नयाँ ऐनमा घुस दिने र लिने काम दण्डनीय तुल्याउने गरी व्यवस्था हुनेछ । यसका लागि निजी क्षेत्रलाई नियमन गर्ने हालका कानुनहरूमा सोही अनुसार संशोधन भएको हुनेछ । यसको जोखिमका रूपमा प्रमाण संकलन कमी, गोप्य लेनदेन, अभियोजन कमजोर हुने रहेको छ ।

***सरकारी वा सार्वजनिक सम्पत्ति क्षति गरे निजी क्षेत्रलाई कारबाही***

बाँकी ३ पृष्ठमा

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

## निजी क्षेत्रलाई.................

सरकारले सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना वा सार्वजनिक सम्पत्तिमा हानि नोक्सानी गरे पनि निजी क्षेत्रलाई भ्रष्टाचारजन्य कसुर लगाउन सक्ने छ । सोही प्रयोजनका लागि आगामी २ वर्षभित्र कानुन निर्माण गरिसक्ने गरी समयसीमा तोकिएको छ । यसको जोखिममा दायित्व छुट्याउन कठिन र दीर्घकालीन मुद्दाबाजी चल्न सक्ने उल्लेख छ ।

*हिसाबकिताब गडबडी गरे भ्रष्टाचारजन्य कसुर*

सहकारी र सार्वजनिक तथा निजी कम्पनी वा संघसंस्थाको आम्दानी र खर्चको विवरण अभिलेखमा हेरफेर गरे त्यो भ्रष्टाचारजन्य कसुर मानिने गरी तोकिएको छ । साथै, भएको विवरण नजनाउने वा नभएको खर्च देखाउने वा गलत लिखत प्रयोग गर्ने वा स्रेस्तालाई मनसायपूर्व नष्ट गर्ने जस्ता कामलाई समेत अब दण्डनीय बनाइने भएको छ । जसका लागि आवश्यक कानुन संशोधन वा नयाँ निर्माणको काम समेत २ वर्षभित्र सक्ने लक्ष्य लिइएको छ । यसको जोखिममा लेखा प्रणाली कमजोर, फर्जी कागजात, दक्ष जनशक्ति अभावजस्ता विषय समावेश छन् ।

*सहकारीलाई कडा नियमन*

सरकारले सहकारी क्षेत्रमा हुने अनियमितता नियन्त्रण गर्न प्रचलित कानुनी तथा संस्थागत व्यवस्था थप प्रभावकारी बनाउने लक्ष्य समेटेको छ । मौजुदा कानुनी तथा संस्थागत व्यवस्था अझ मजबुत बनाउने काम भने निरन्तर गर्ने गरी समय उल्लेख गरिएको छ । यस कामको जोखिममा फर्जी नाम प्रयोग, डाटा अद्यावधिक नहुनु लगायत छन् ।

*व्यापार-व्यवसायको वास्तविक हिताधिकारीको पहिचान गरिने*

सरकारले आफ्नो रणनीतिमा व्यापार-व्यवसायको हिताधिकारी धनीको पहिचान गर्ने प्रबन्धका लागि समेत आवश्यक सुधार गर्ने भएको छ । यो निजी क्षेत्रको पारदर्शिताका लागि गर्न लागिएको रणनीतिमा उल्लेख छ । यसको जोखिममा नगद कारोबार लुकाउने प्रयास हुने र अनुगमन कमजोर हुनेसमेत उल्लेख छ ।

*निजी क्षेत्रको सेयर खरिद-बिक्री पारदर्शी बनाइने*

सरकारले निजी क्षेत्रबाट हुने सेयर खरिद-बिक्री नियमित, पारदर्शी र व्यवस्थित बनाउन १० लाख रुपैयाँभन्दा बढी रकमको संस्थागत वा व्यक्तिगत सेयर खरिद-बिक्री लगत अभिलेख प्रमाणीकरण गर्दा खरिदकर्ताले बिक्रीकर्ताको बैंक खातामा रकम जम्मा गरेको सक्कल बैंक स्टेटमेन्ट र त्यसको भौचर वा एसी पेई चेकसमेत पेस गराइ सेयर लगत अभिलेख राख्ने व्यवस्था गर्ने भएको छ । सोही प्रयोजनका लागि कम्पनी निर्देशिका २०७२ लाई ६ महिनाभित्र परिमार्जन गर्ने गरी समयसीमा तोकिएको छ ।

आधिकारिक प्रमाण पेस नगराइ सेयर लगत प्रमाणीकरण गर्ने कर्मचारीलाई समेत अब विभागीय कारबाहीको व्यवस्था गरिने भएको छ । यसको व्यवस्था समेत कम्पनी निर्देशिका २०७२ को संशोधनमा गर्ने रणनीतिमा समेटिएको छ ।

यो काम ३ महिनाभित्र गरिसक्ने लक्ष्य छ । यसबाहेक सोही काम गर्ने/गराउने सेयरधनी र कर्मचारीलाई भ्रष्टाचार कसुरमा अनुसन्धान गरी कारबाही गर्ने र त्यस्तो सेयर लगत बदर हुने गरी कानुनी व्यवस्था गरिने भएको छ । जुन कामका लागि २ वर्षको समयसीमा राखिएको छ ।

*१० लाखमाथिको घरजग्गा कारोबार बैंकिङ प्रणाली मार्फत*

निजी क्षेत्रबाट १० लाख रुपैयाँभन्दा माथि रकमको संस्थागत वा व्यक्तिगत घर जग्गा खरिद-बिक्री गर्दा खरिदकर्ताले बिक्रीकर्ताको बैंक खातामा रकम जम्मा गरेको सक्कल बैंक स्टेटमेन्ट र त्यसको भौचर वा एसी पेई चेकसमेत पेस नगरी घरजग्गाको लिखत पारित गर्न गराउने नपाइने व्यवस्था गरिने भएको छ ।

यसका लागि मुलुकी देवानी कार्यविधि संहिता २०७४ को लिखत पारित सम्बन्धी व्यवस्थामा संशोधन गरिने भएको छ । यो काम १ वर्षभित्र गरिसक्ने उल्लेख छ ।

यसको जोखिममा गोप्य/नगद लेनदेन लुकाउने प्रयास, फर्जी कागजात बनाउने सम्भावना समेत औंल्याइएको छ । यसरी चेकसमेत पेस नगरी घरजग्गाको लिखत पारित गरे विभागीय कारबाही र भ्रष्टाचार अनुसन्धान हुने गरी कानुनी व्यवस्था गरिने भएको छ । जसका लागि १ वर्षको समय राखिएको छ । यसको जोखिममा गोप्य लेनदेन लुकाउने प्रयास, कर्मचारी-सेवाग्राही मिलेमतो र अनुसन्धान प्रक्रिया लम्बिनु समेत रहेको छ ।

*नियामक निकायका ऐन-कानुन संशोधन*

निजी संघसंस्थाको भ्रष्टाचार समेत समेट्ने गरी निर्माण हुने भ्रष्टाचार निवारण ऐनका प्रावधानसँग तादात्म्य हुने गरी प्रचलित कानुन, निर्देशिका वा मापदण्डमा संशोधन/पुनरावलोकन गरिने भएको छ । साथै, निजी क्षेत्रको आम्दानी र खर्चको लेखा तथा स्रेस्ता राख्ने तरिका एवं लेखा परीक्षणको मापदण्ड समेत निर्धारण गरिने भएको छ ।

सोही प्रयोजनका लागि दूरसञ्चार ऐन २०५३, नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन २०५३, बीमा ऐन २०७९, नेपाल चार्टर्ड एकाउन्टेन्ट ऐन २०५३ लगायत कानुनमा परिवर्तनको लक्ष्य राखिएको छ । यो काम १ वर्षभित्र गरिसक्ने रणनीति सरकारको छ ।

*स्वार्थको द्वन्द्व रोक्न आचारसंहिता बनाउने*

सरकारले निजी संघसंस्थाको कामकारबाहीमा स्वार्थको द्वन्द्व हुन नदिन र व्यवसाय सम्बन्धी कामकारबाहीको उचित सम्पादन गर्न तथा सम्बद्ध निजी संस्थाको कामकारबाहीमा शुद्धता कायम गर्न आचारसंहिता, निर्देशिका वा मापदण्ड र कार्यविधि बनाइने भएको छ । यो काम समेत १ वर्षभित्र बनाउने तयारी छ ।

*आन्तरिक लेखा परीक्षणमा जोड*

सरकारले निजी संघसंस्थामा आन्तरिक लेखा परीक्षण तथा नियन्त्रण व्यवस्था सुदृढ बनाउँदै पारदर्शिता अभिवृद्धि गर्नेसमेत रणनीतिमा समेटेको छ । सार्वजनिक खरिद काममा संलग्न निजी क्षेत्रका व्यवसायीको कारोबारको सम्बन्धमा समेत कानुन बमोजिम गरे-नगरेको बारे सरकारले छानबिन र जाँचबुझ गर्न सक्ने भएको छ । सोही अनुसार सार्वजनिक खरिद ऐनमा व्यवस्था हुने भएको छ ।

निजी क्षेत्रको लेखाको स्रेस्ता र लेखा परीक्षणका स्थापित मापदण्ड परिपालना भए/नभएको अनुगमन गरी नभएको पाइए कानुन अनुसार कारबाहीको व्यवस्था गर्ने प्रावधान समेत ल्याउने तयारी गरिएको छ ।

सोही अनुसार विद्यमान ऐनहरूमा संशोधन गरिने भएको छ । यसबाहेक नियमनकारी निकाय नतोकिएको क्षेत्रमा सरकारले अब नियमनकारी निकाय तोकेर सबै निजी क्षेत्रलाई नियमनको दायरामा ल्याउने तयारी गरेको छ । यद्यपि, रणनीतिले निजी क्षेत्रको हकमा प्रत्यक्ष हस्तक्षेप नगरी सम्बन्धित विषयको कानुन र निकायसँगको समन्वयमा काम गर्ने लक्ष्य लिएको छ । साभारः अनलाइनखबरडटकम

# अभिव्यक्ति स्वतन्त्रताका नाममा गैरजिम्मेवार सामग्री सम्प्रेषण अक्षम्य : सञ्चारमन्त्री तिमिल्सिना

नुवाकोट ६ वैशाख । सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. बिक्रम तिमिल्सिनाले अभिव्यक्ति स्वतन्त्रताको नाममा भ्रामक तथा गैरजिम्मेवार सामग्री सम्प्रेषण नगर्न सञ्चारमाध्यम एवम् सामाजिक सञ्जाल प्रयोगकर्तालाई आग्रह गरेका छन् ।

आज यहाँ विदुर नगरपालिकाको बट्टारमा आयोजित पत्रकार भेटघाट कार्यक्रममा उनले सञ्चार जगतले जिम्मेवार एवम् आत्मअनुशासित भएर काम गर्नुपर्ने बताए राज्यको चौथो अङ्गका रूपमा रहेको सञ्चार जगत् विधिविधान र आचारसहिता परिपालनामा गम्भीर हुनुपर्ने मन्त्री तिमिल्सिनाको भनाइ थियो ।

‘सामाजिक सञ्जालमा मात्र नभै सञ्चार जगतले सम्प्रेषण गर्ने सामग्रीमा पनि केही समस्या छन् । यदि यस्ता कुरामा कडाइ गर्न थाल्यौं भने फेरि अभिव्यक्ति स्वतन्त्रतामा अङ्कुश लगाइयो भनेर सञ्चारमाध्यम नै आवाज उठाउन थाल्छन्’, उनले भने,’यी सबै समस्या कारबाहीबाट समाधान गरिनुपर्छ भन्ने पक्षमा सरकार छैन । तपाईंहरू आफैं स्वनियमन र आचारसंहिताको पूर्णपालनामा केन्द्रित हुनुहोला ।’

सञ्चारमन्त्री डा. तिमिल्सिनाले समाचारले पार्ने प्रभावको बहुआयामिक विश्लेषण गर्न पनि आग्रह गरे ‘भ्रमको आयु छोटो हुन्छ,




तर त्यसले पार्ने क्षति गम्भीर हुनसक्छ । त्यसैले अपुष्ट सूचनाबाट सञ्चारमाध्यम सचेत हुन जरुरी छ’, उनको भनाइ थियो ।

सञ्चारमन्त्री डा. तिमिल्सिनाले सरकारले पूर्ण प्रेस स्वतन्त्रता तथा व्यावसायिक पत्रकारितालाई प्रवर्द्धन गर्दै श्रमजीवी पत्रकारको हितमा काम गर्ने बताए उनले विज्ञापन तथा सूचना प्रकाशन-प्रसारणमा पारदर्शिता ल्याउन, मितव्ययिता कायम गर्न र सरकारी सञ्चारमाध्यमको प्रवर्द्धनका लागि विज्ञापन नीतिमा केही नयाँ व्यवस्था कार्यान्वयनमा ल्याइएको उल्लेख गरे। उनले सञ्चारमाध्यम बलियो नभए सरकार पनि बलियो नहुने उल्लेख गर्दै सञ्चारमाध्यम जिम्मेवार नभएसम्म सरकारलाई पनि जिम्मेवार बनाउन कठिन हुने धारणा राखे। सञ्चारमन्त्री डा. तिमिल्सिनाले सरकारी सञ्चारमाध्यमलाई थप जिम्मेवार र व्यावसायिक बनाउन पहल भइरहेको उल्लेख गर्दै समाधानमुखी र तथ्यमा आधारित पत्रकारितामा जोड दिए । उनले विधिको पालना गर्दै सरकार जनताप्रति उत्तरदायी भएर काम गर्न प्रतिबद्ध रहेको बताए।

विगतमा जनताका प्रश्नको उत्तर समयमै नदिइएका कारण हरेक नागरिकमा आशाको अभाव देखिएको उल्लेख गर्दै मन्त्री डा. तिमिल्सिनाले हाल काममार्फत त्यसको उत्तर दिने प्रयास भइरहेको बताए।

‘सहज सेवा प्रवाह, सुशासन, विकास निर्माणलगायत क्षेत्रका समस्या स्रोत-साधनको अभावले मात्र होइन, कार्यशैली र प्रतिबद्धताको कमीले पनि देखिएका थिए । यिनै समस्या चिर्ने काम सरकारले गरिरहेको छ’, उनले भने।

सरकारले सुशासन कायम गर्ने र प्रभावकारी सेवा प्रवाह गर्ने जनादेश पाएकाले सोहीअनुसार आफूहरूले काम गर्ने र कुनै समस्या भए निरन्तर खबरदारी र निगरानी राख्न पनि उनले आग्रह गरे।

‘सरकारलाई सत्यमा आधारित प्रश्न गर्नुहोस् । समस्या देखिएका ठाउँमा गाँठो फुकाउन दबाब दिनुहोस् र समस्या समाधान कसरी गर्न सकिन्छ भनेर सुझाव दिनुस्, त्यसलाई सहर्ष स्वीकाछौं’, सञ्चारमन्त्री तिमिल्सिनाले भने ,’तथापि, सामाजिक सञ्जालमा फैलाइने भ्रामक सूचनाले कसैलाई फाइदा गर्दैन । यसमा सबै सचेत बनौं ।’सेवा प्रवाहलाई सहज बनाउन सूचना र प्रविधिको अधिकतम् प्रयोग गर्ने सरकारको योजना रहेको पनि उनले जानकारी दिए । मन्त्री तिमिल्सिनाले युवा विदेशिने बाध्यता अन्त्य गर्न मुलुकभित्रको वातावरण सुधार्ने, देशलाई बस्न योग्य बनाउने र अवसर सिर्जना गर्ने लक्ष्यसहित काम भइरहेको उल्लेख गरे। काम गर्ने क्रममा समस्या आउन सक्ने स्वीकार्दै उहाँले नियत सही भए प्रक्रियागत रूपमा समाधान गर्न सकिने बताए ।

मन्त्री तिमिल्सिनाले केन्द्र, प्रदेश र स्थानीय सरकारबीच समन्वय र सहकार्यलाई प्राथमिकता दिइने उल्लेख गर्दै बुझाइमा केही समस्या भए पनि सेवा प्रवाहमा असर पर्न नदिने प्रतिबद्धता जनाए।

## विष्णुमती किनारमा पेस्तोल र गोली बरामद

दैनिक समाचारदाता

काठमाडौं, ६ वैशाख । चार थान पेस्तोल र ५८ राउण्ड गोली विष्णुमती खोला किनारमा फेला परेको छ ।

काठमाडौं महानगरपालिका( १५ शोभाभगवतीस्थित विष्णुमती खोला किनारबाट उक्त पेस्तोल र गोली बरामद गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका एसएसपी रमेश थापाले बताए । उनका अनुसार पेस्तोल र गोलीका साथै ७ थान म्यागजिन पनि भेटिएको छ ।

बरामद पेस्तोल टाइप(५४ रहेको छ । सोही पेस्तोलको म्यागजिन ७ थान भेटिएको हो ।

महानगरपालिका र प्रहरीको सरसफाइ टोलीले सफा गर्ने क्रममा आइतबार बिहान उक्त पेस्तोल र गोली फेला परेको हो । ९ एमएम बेरेटा पेस्तोलको गोली ५८ राउण्ड बरामद भएको हो ।

विशेष सूचनाका आधारमा प्रहरी वृत्त स्वयम्भूबाट खटिएको टोलीले उक्त हतियार बरामद गरेको हो । उक्त हतियार जेनजी आन्दोलनको क्रममा प्रहरीबाट लुटिएको हुनसक्ने आशंका गरिएको छ ।

# अब घरबाटै एनओसी लिन सकिने

दैनिक समाचारदाता

काठमाडौं, ६ वैशाख । वैदेशिक अध्ययनमा जाने विद्यार्थीले अब घरबाटै वैदेशिक अध्ययन अनुमतिपत्र ‘नो अब्जेक्सन सर्टिफिकेट’ (एनओसी) लिन सक्ने भएका छन् ।




शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको सानोठिमीस्थित एनओसी शाखाले एनओसी सर्टिफिकेट लाई फेसलेस बनाउन एनओसी अनलाइन पोर्टल र त्रिभुवन विश्वविद्यालय (त्रिवि) तथा काठमाडौं विश्वविद्यालय( केयू)बीच एपीआई गर्ने कार्य सम्पन्न गरेको हो ।

उक्त प्रयोजनका लागि यही वैशाख ४ गते त्रिविसँग सम्झौता भएको छ भने केयूसँग यसअघि नै सम्झौता भइसकेको छ । योसँगै विद्यार्थीहरूले घरमै बसेर अनलाइनमार्फत एनओसीका लागि आवेदन दिन सक्नेछन् । साथै सम्पूर्ण प्रक्रिया पूरा भएपछि आफ्नो प्रमाणपत्र आफैंले प्रिन्ट गरी प्रयोग गर्न सक्ने व्यवस्था गरिएको छ ।

दुवै विश्वविद्यालयसँग अन्तरआवद्धता हुनुभन्दा अगाडि आवेदकले आवेदन दिइसकेपछि, आवेदकले राखेको नागरिकताको विवरण गृह मन्त्रालयसँग अन्तरआवद्धता भएको ‘सिटिजन इन्फरमेसन म्यानेजमेन्ट’ ( सीआइएमएस) मा भेटिएको अवस्थामा र आवेदकले राखेको एनईबीको रजिस्ट्रेसन नम्बर, जन्ममिति विवरणको आधारमा एनईबीसँग अन्तरआवद्धता भएको सिस्टमबाट प्रमाणपत्र देखिएमा आवेदक विवरणहरू रुजु गर्न भौतिक रूपमा कार्यालयमा उपस्थित हुनु नपर्ने भएको छ ।

तर फेसलेस बनाउँदा आवेदकले स्नातकोत्तर वा सोभन्दा माथि अध्ययन गर्न जाँदाको हकमा आवेदनमा विश्वविद्यालयको सर्टिफिकेट राख्नु पर्ने र विश्वविद्यालयका प्रणालीहरूसँग अन्तरआवद्धता नभएकाले आवेदक सर्टिफिकेट विवरणहरू रुजु गर्न भौतिक रूपमा कार्यालयमा उपस्थित हुनुपर्ने अवस्था रहेको थियो ।

महालेखा नियन्त्रणको कार्यालयको ‘रेभिन्यू इन्फरमेशन क्यासलेस म्यानेजमेन्ट सिस्टम’ (रिमास) सँग अन्तरआवद्धता भएकाले एनओसीको राजस्व पूर्ण रूपमा अनलाइनमार्फत लिइएको छ ।एपुभ भएको एनओसी सर्टिफिकेट आवेदकले आफ्नै प्रोफाइलबाट पेपरलेस डाउनलोड गर्न सक्नेछन् । सर्टिफिकेटमा क्युआर कोड भएकाले क्युआर स्क्यानरबाट हेर्न सकिनेछ ।त्रिवि र केयूसँग अन्तरआवद्धता भएपछि आवेदकले स्नातकोत्तर वा सोभन्दा माथि अध्ययन गर्न जाँदाको हकमा आवेदकले आवेदनमा राखेको विश्वविद्यालयको रजिस्ट्रेसन नम्बर, जन्ममिति विवरणको आधारमा त्रिवि र केयूसँग फेसलेस अन्तर आवद्धता भएको सिस्टमबाट प्रमाणपत्रका विवरणहरू देखिने र आवेदक सर्टिफिकेट विवरणहरू रुजु गर्न भौतिक रूपमा कार्यालयमा उपस्थित हुनु नपर्ने एनओसी शाखाले जनाएको छ ।

## सीमा भन्सार.......

नीतिप्रति गम्भीर आपत्ति जनाउँदै त्यसलाई पुनर्विचार गर्न माग गरेको छ। पार्टीले जारी गरेको विज्ञप्तिमा सीमावर्ती क्षेत्रमा बसोबास गर्ने नागरिकहरू दैनिक उपभोग, रोजगारी तथा साना व्यापारका लागि भारतमा निर्भर रहेको उल्लेख गर्दै यस्तो नीतिले आम जनजीवनमा प्रत्यक्ष असर पारेको दाबी गरेको छ।

पार्टीले साना व्यापारी तथा सर्वसाधारणले बोकेका सामानमा कडाइ गरिए पनि ठूला सवारी साधन तथा प्रभावशाली समूहसँग सम्बन्धित गतिविधिमा समान निगरानी नहुने आरोप लगाएको छ। साथै, सीमामा हुने जाँच प्रक्रियामा अनियमितता र ‘सेटिङ’मार्फत अवैध कारोबारलाई सहज बनाइने गरेको दाबीसमेत गरिएको छ।

दुवै पक्षले नेपाल( भारतबीचको ऐतिहासिक, सामाजिक तथा सांस्कृतिक सम्बन्धलाई कमजोर पार्ने खालका नीतिहरू दीर्घकालीन रूपमा हानिकारक हुने उल्लेख गर्दै सरकारलाई जनताको हितअनुसार नीति संशोधन गर्न आग्रह गरेका छन्। साथै, सीमा क्षेत्रमा सहज आवागमन, साना व्यापारको संरक्षण र सांस्कृतिक सम्बन्धको निरन्तरता सुनिश्चित गर्नुपर्नेमा जोड दिएका छन्।

उनीहरूले सरकारलाई जनजीवनमा परेको प्रभावप्रति गम्भीर बन्न चेतावनी दिँदै समस्या समाधानमा ढिलाइ भए चरणबद्ध आन्दोलनका कार्यक्रम अघि बढाउने संकेत गरेका छन्।

# थापाको उदय, देउवा संकटमा, छुट्टै पार्टी खोल्ने तर्क

दैनिक समाचारदाता

काठमाडौं ६ वैशाख। सर्वोच्च अदालतले गगन थापाको नेतृत्वलाई आधिकारिक मान्यता दिएसँगै नेपाली कांग्रेस भित्रको शक्ति समीकरणमा उल्लेख्य परिवर्तन आएको छ। यस निर्णयपछि शेरबहादुर देउवा पक्ष स्पष्ट रूपमा दबाबमा परेको देखिएको छ।

यसअघि कार्यवाहक सभापति पूर्णबहादुर खड्काको नाममा दुई पटक वक्तव्य जारी गरेको उक्त समूहको प्रयासलाई अदालतको शुक्रबारको निर्णयले अन्तिम टुंगो लगाएको हो। अबदेखि गगन थापाको नेतृत्व नै पार्टीभित्र आधिकारिक मानिनेछ।

गगन थापाले मान्यता पाएसँगै हाल हङकङमा रहेका देउवाले खड्कालाई कार्यवाहक सभापतिको हैसियतमा अघि सारेको राजनीतिक रणनीति कमजोर बनेको विश्लेषण गरिएको छ। साथै, कांग्रेसका नाममा वक्तव्य जारी गर्ने कानुनी आधार पनि उक्त समूहले गुमाएको छ।



यही परिवर्तित सन्दर्भमा आइतबार धुम्बाराहीस्थित स्मार्ट प्यालेसमा उपत्यकामा उपलब्ध नेताहरूबीच भेला आयोजना गरिएको थियो। उक्त भेलामा पार्टीभित्रको वर्तमान अवस्थाबारे छलफल गर्दै केही नेताहरूले अलग्गै दल गठन गर्ने विकल्पसमेत उठाएका छन्।

भेलामा सहभागी नेताहरू शिवप्रसाद हुमागाईं, कुन्दनराज काफ्ले, वीरबहादुर बलायर र गुरु बराल लगायतले परिस्थितिअनुसार नयाँ राजनीतिक विकल्पबारे सोच्नुपर्ने धारणा राखेका थिए। भेलामा बोल्दै कुन्दनराज काफ्लेले सर्वोच्चको निर्णयपछि पार्टीभित्र सम्मानजनक एकता अपरिहार्य रहेको बताए।

"पार्टी एकता सम्मानजनक हुनुपर्छ, कसैलाई पाखा र कसैलाई काखा गर्ने अवस्था स्वीकार्य हुँदैन," उनले भने। उनले विशेष महाधिवेशनमा सहभागी नभएका नेताहरूको पनि सम्मानजनक स्थान सुनिश्चित गरिनुपर्नेमा जोड दिए।

काफ्लेले यो भेला नेताहरूको सुझाव संकलनका लागि आयोजना गरिएको स्पष्ट पार्दै नयाँ परिस्थितिमा पार्टीभित्र स्पष्टता ल्याउनु आवश्यक रहेको बताए। उनले आफूले नयाँ पार्टी गठनको प्रस्ताव नराखेको जनाए पनि स्वाभिमान र सम्मानमा आँच पुग्ने अवस्था आए सबै विकल्प खुला राख्नुपर्ने धारणा व्यक्त गरे।

यसैबीच, नेता नैनसिंह महरले पनि सर्वोच्चको निर्णयपछि उत्पन्न नयाँ राजनीतिक परिस्थितिमा सम्मानजनक एकताका लागि पहल गर्नुपर्ने बताएका छन्। उनले त्यसका लागि वर्तमान नेतृत्व जिम्मेवार हुनुपर्नेमा जोड दिएका छन्।


# दुई ऐन संशोधनमा सुझाव माग

दैनिक समाचारदाता

जनकपुरधाम, ६ वैशाख। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले दुई ऐन संशोधनको मस्यौदाबारे सुझावका लागि आह्वान गरेको छ।

मन्त्रालयले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४लाई संशोधन गर्न बनेको विधेयक र अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४लाई संशोधन गर्न बनेको विधेयकको मस्यौदामा यही साताभित्र सुझाव दिन आह्वान गरेको हो। कानुनलाई अझ प्रभावकारी बनाउन विभिन्न प्रावधान समावेश गरिएको र मस्यौदामा सरोकार भएकाहरूबाट राय, सुझाव तथा प्रतिक्रिया प्राप्त गर्नका लागि सार्वजनिक गरिएकाले इच्छुक सबैलाई आफ्नो राय सुझाव दिन आग्रह गरिएको मन्त्रालयले जनाएको छ।

# संविधान संशोधन अध्ययन समिति पूर्ण



दैनिक समाचारदाता

काठमाडौं, ६ वैशाख। नेपाली कांग्रेसले संविधान संशोधनका विषयमा अध्ययन गरी आवश्यक सुझाव दिन गठित विज्ञ समितिलाई पूर्णता दिएको छ। पार्टी उपसभापति पुष्पा भुसालको संयोजकत्वमा १६ सदस्यीय 'संविधान संशोधन अध्ययन तथा सुझाव समिति' गठन गरिएको हो।

पार्टी केन्द्रीय कार्यसमितिको गत चैत ११ गतेको निर्णयअनुसार गठित समितिमा वरिष्ठ अधिवक्ताहरू र कानुनविद्हरूलाई समेटिएको छ। समितिमा वरिष्ठ अधिवक्ताहरू राधेश्याम अधिकारी, हरिहर दाहाल, प्रेमबहादुर खड्का, उपेन्द्रकेशरी न्यौपाने, शेरबहादुर केसी, यदुनाथ खनाल, गोपालकृष्ण घिमिरे, योगेन्द्रबहादुर अधिकारी, दिनेश त्रिपाठी, सिताराम के।सी। र ललितकुमार बस्नेत सदस्य रहेका छन्।

त्यस्तै, अधिवक्ताहरू रनबहादुर थेवे, शर्मिला श्रेष्ठ र झलमाया विक सदस्य रहेका छन् भने सदस्य सचिवको जिम्मेवारी अधिवक्ता राजु कटुवाललाई दिइएको छ।

कांग्रेसले संविधान जारी भएको १० वर्ष पुगेको सन्दर्भमा यसको गतिशीलता र अभ्यासका क्रममा देखिएका समस्यालाई सम्बोधन गर्न यो पहलकदमी लिएको जनाएको छ।

# कुर्थामा ११ दिने महिला सीप तालिम सम्पन्न

दैनिक समाचारदाता

जनकपुरधाम, ६ वैशाख। महिलालाई रोजगारमूलक तथा व्यवसायमुखी बनाउने उद्देश्यले फाइबर माला तथा कालोधुप कपास बत्ती बनाउने सम्बन्धी ११ दिने तालिम जनकपुरधाम उपमहानगरपालिका-२१ कुर्थामा आज सम्पन्न भएको छ।

गरीबसँग विशेश्वर कार्यक्रमअन्तर्गत वडास्तरीय आर्थिक वर्ष २०८२/८३ को बजेटबाट रु तीन लाखको सहयोगमा आयोजना गरिएको उक्त तालिममा ३० जना महिलाको सहभागिता रहेको थियो।

फाइबर माला तथा कालोधुप कपास बत्ती तालिम उपभोक्ता समितिद्वारा सञ्चालित सो तालिमका सहभागी महिलालाई एक समारोहबीच प्रमाणपत्र वितरण गरिएको थियो।




समापन समारोहमा वडा नं २१ का अध्यक्ष राजनारायण साहले महिलाले आफ्नो हक र अधिकार सुनिश्चित गर्न घरभित्र मात्र सीमित नभई विभिन्न सीप तथा तालिममार्फत आत्मनिर्भर र व्यवसायी बन्नुपर्नेमा जोड दिए। उनले सरकारी तथा गैरसरकारी क्षेत्रबाट प्रदान गरिने यस्ता तालिमलाई व्यवहारमा उतार्न सके मात्र यसको सार्थकता हुने बताए।

त्यस्तै, जिल्ला समन्वय समिति धनुषाका सदस्य तथा समाजसेवी महेन्द्र महतोले समाज विकासमा महिलाको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै महिला सशक्तिकरणमा राज्यले अझ गम्भीर ध्यान दिनुपर्ने बताए। रासस जनकपुरका कार्यालय प्रमुख सुरेश झाले तालिम लिएर मात्र नभई त्यसलाई व्यवहारमा लागू गर्न सके मात्र यसको वास्तविक उपयोगिता रहने विचार व्यक्त गरे। कार्यक्रम तालिम आयोजक उपभोक्ता समितिकी अध्यक्ष मैफुल खातुनको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा गरीबसँग विशेश्वर कार्यक्रमका सामाजिक परिचालक अशोक दास, मुख्य प्रशिक्षक चन्द्रकला सिंह तथा सहायक प्रशिक्षक नुतन कुमारी ठाकुरले समेत तालिमबारे धारणा राखेका थिए।

# विभिन्न जिल्लामा ६ जना मृत फेला

दैनिक समाचारदाता

काठमाडौं ६ वैशाख। देशका विभिन्न जिल्लामा पछिल्लो २४ घण्टाभित्र ६ जना व्यक्तिहरू मृत अवस्थामा फेला परेका छन्।

नवलपरासी पूर्वको मध्यविन्दु नगरपालिका-४ पनौती बस्ने ३६ वर्षीय कुलचन्द्र महतो आइतबार मृत अवस्थामा भेटिएका छन्। उनी आफ्नो घर नजिकै रहेको उल्टे खोलामा मृत फेला परेका हुन्। यस्तै, दाङको बंगलाचुली गाउँपालिका-८ सिम्लेकी २० वर्षीया लिला कँवर मगर पनि घर नजिकैको घोस खोलामा आइतबार मृत फेला परेकी छिन्।

चितवनको माडी नगरपालिका-१ द्रोपतिनगरस्थित बाँसघारीमा एक पुरुषको शव फेला परेको छ। अन्दाजी ३४ वर्षका देखिने ती पुरुषको नाम, थर र ठेगाना अझै खुल्न सकेको छैन। शनिबार फेला परेको उक्त शवको सनाखत गर्ने प्रयास भइरहेको प्रहरीको भनाइ छ। मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१ थाखेलडाँडा बस्ने ५० वर्षीय चन्द्र बहादुर सुनार शनिबार आफ्नै घरमा मृत अवस्थामा फेला परेका छन्। घरभित्रै शव भेटिएपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए।

यसैगरी रूपन्देहीको तिलोत्तमा नगरपालिकामा दुई जना मृत भेटिएका छन्। तिलोत्तमा-४ बिपिमार्गमा डेरा गरी बस्ने स्याङ्जाकी २९ वर्षीया ज्योती भुजेल आइतबार आफ्नै कोठामा मृत अवस्थामा फेला परेकी छिन्। सोही नगरपालिकाको वडा नम्बर ४ सुनौलोनगर बस्ने ४० वर्षीय कमल नेपाली पनि आइतबार आफ्नै घरमा मृत फेला परेका छन्।

# सीमावर्ती क्षेत्रका बासिन्दाको जनजीवन सहज बनाउन माग

दैनिक समाचारदाता

जनकपुरधाम, ६ वैशाख। नेपाल सरकारको पछिल्लो भन्सार नीतिका कारण सीमा क्षेत्रमा देखिएको तनाव व्यवस्थापन तथा भन्सार नीति सुधारका लागि नेपाल-भारत खुला सीमा सम्वाद समूहले सरकारसँग आग्रह गरेको छ।समूहका प्रवक्ता प्रमोद कुमार साहले प्रेस विज्ञप्ति जारी गरी नेपाल र भारतबीचको सदियौंदेखिको सामाजिक, सांस्कृतिक र आर्थिक सम्बन्धलाई दृष्टिगत गर्दै सरकारको पछिल्लो भन्सार नीतितर्फ गम्भीर ध्यानाकर्षण गराएका छन्।

सीमावर्ती क्षेत्रका बासिन्दाहरूको जनजीवन सहज बनाउन र जनस्तरको सम्बन्धलाई थप प्रगाढ बनाउन निम्न बुँदाहरू समेटेर तत्काल नीतिगत सुधार गर्न उनले जोडदार माग गरेका हुन्।

हाल सरकारले सीमा नाकाबाट १०० रुपैयाँभन्दा बढीको सामान ल्याउँदा भन्सार तिर्नुपर्ने जुन व्यवस्था गरेको छ, त्यसले सीमावर्ती क्षेत्रका न्यून आय भएका आम उपभोक्तालाई चरम सास्ती दिएको छ। यो व्यवहारिक नभएकाले यसलाई तत्काल हटाई घरायसी प्रयोजनका सामग्रीमा शून्य भन्सारको व्यवस्था गर्न उनले माग गरेका छन्।यसैगरी, सम्वाद समूहले नेपाल र भारतका सीमावर्ती शहरहरू तथा प्रमुख धार्मिक स्थलहरूमा दर्शन र भ्रमणका लागि आउने श्रद्धालुहरूका लागि ४८ घण्टासम्मको भन्सार फ्री सुविधा उपलब्ध गराउन माग गर्दै यसले धार्मिक पर्यटन र जनस्तरको सम्बन्धलाई थप मजबुत बनाउने जनाएको छ।

'हामी सामान्य नागरिक र घरायसी प्रयोजनका सामान ल्याउनेलाई दिइने सास्तीको विरोध गर्दछौं, तर व्यावसायिक रूपमा हुने तस्करी (कगननष्लिन) लाई पूर्ण रूपमा रोक्न सीमामा कठोर सुरक्षा र कानुनी कारबाहीको व्यवस्था गर्न सरकार सँग माग गर्दछौं। वास्तविक उपभोक्ता र तस्करबीचको भिन्नता छुट्याई संयमित प्रशासनको खाँचो छ,' विज्ञप्तिमा भनिएको छ।

# डेरावालाको विवरण राख्न घरधनीलाई प्रहरीको आग्रह

दैनिक समाचारदाता

जनकपुरधाम, ६ वैशाख। डेरामा बस्नेको विवरण राख्न घरधनीलाई प्रहरीले अनुरोध गरेको छ।

जिल्ला प्रहरी परिसर काठमाडौंका एसपी तथा प्रवक्ता पवन कुमार भट्टराईका अनुसार, अपराध नहोस् र भइहालेमा व्यक्ति पहिचानमा सहज होस् भनेर अनुरोध गरिएको बताए।

'एउटै घरमा डेरामा बसेको चार/पाँच वर्ष भएको हुन्छ। तर त्यो मान्छेले केही अपराध गर्‍यो भने घरधनीलाई सोधपुछ गर्दा केही थाहा हुँदैन,' एसपी भट्टराईले भने, 'कम्तीमा पनि यस्ता घटना नदोहोरिन् भाडामा बस्नेहरुको विवरण राख्न अनुरोध गरेका हौं। यो बाध्यकारी होइन।'

अझ घरधनीले पुलिस क्लियरेन्स रिपोर्ट माग गरेको अवस्थामा कस्ता पृष्ठभूमिका मान्छे बस्न लागेको छन् ? भन्नेसम्म खुल्ने हुँदा पुलिस रिपोर्टसम्म घरधनीले माग्नसक्ने प्रहरीले बताएको छ। जसले गर्दा कुनै घटनामा संलग्न नै नभएकाहरुले अनावश्यक रूपमा प्रहरी सोधपुछ तथा हैरानीमा पर्न नसक्ने प्रहरीले बताएको छ।


विहानको सुरुवात ताजा समाचारसँगै। विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका। साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-

Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४